नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

बिदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तानले नेपाली नागरिकताको प्रमाणपत्र पाउँनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

१. अनुसूची-७ बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,

२. सम्बन्धित वडा तहको किटानी सिफारिश,

३. आमाको नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र,

४. निवेदकको जन्मदर्ताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्र,

५. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित,

६. बसाईसराई गरि आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जग्गाधनी लालपूर्जा/स्थायी बसोवास गरेको वडाको सिफारिश पत्र,

७. आम।को विवाह दर्ता समेतको पारिवारिक विवरण खुल्ने कागजात,

८. नागरिकता प्राप्तीको लागि आवेदन दिने र आमाको अनुसूची-७. क बमोजिमको स्वघोषणा,

९. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का

१०. समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु,

११. उल्लेखित प्रकृया पूरा भएपछि आवश्यकता वडा तथा स्थानिय तहका प्रमुखसँग आवश्यक कुराहरु बुझ्न सकिने छ।

२०८०/६/८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

**गैर आवासीय नेपाली नागरिकताको प्रमाण पत्रको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. अनुसूची-८ ग बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,

२. निवेदकको नाता खुलेको तीन पुस्ताभित्रको व्यक्तिको नागरिकता प्रमाणपत्र,

३. नेपालको नागरिकता त्याग गरेको प्रमाण,

४. विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,

५. हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि,

६. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको प्रमाण,

७. अनुसूची-८ घ. बमोजिमको प्रतिबद्धता पत्र र अनुसूची-८ च बमोजिमको शपथ,

८. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का,

९. कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु,

**नोटः** गैर आवासीय नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सन्दर्भमा गृह मन्त्रालयबाट SYSTEM UPDATE गर्ने र कार्ड छपाईको कार्य भइरहेकोले उक्त कार्य सम्पन्न भएपछि गैह्र आवासीय नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने कार्य प्रारम्भ हुनेछ ।

२०८०।६।८

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

**नेपाली महिला नागरिक (बाबुको पहिचान नभएको/हुन नसकेको)को सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र पाउँनको लागि आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**

१. अनुसूची-१ बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,

२. सम्बन्धित वडाको किटानी सिफारिस,

३. निवेदकको जन्मदर्ताको प्रमाणपत्र र शैक्षिक प्रमाण पत्र,

४. आमाको नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र पत्र,

५. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित,

६. बसाईसराई गरि आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जग्गाधनी लालपूर्जा/स्थायी बसोवास गरेको सिफारिस पत्र,

७. आमाको विवाह दर्ता समेतको पारिवारिक विवरण खुल्ने कागजात,

८. नेपाली नागरिकताको प्रमाणपत्रको आवेदक र आमाले अनुसूची-४ ख. बमोजिमको स्वघोषणा,

९. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का,

१०. कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य प्रमाण कागजातहरु ।